नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## होल्डिङ्ग सेन्टरमा बाढी पीडितको लागि उपलब्ध गराइने राहत खाद्य पदार्थको निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३/०५/१७ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, काठमाडौं र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, नुवाकोट सहितको संयुक्त अनुगमन टोलीले नुवाकोट जिल्ला स्थित भोटेकोशी बाढी प्रभावित क्षेत्रमा बाढी पिडितहरुका लागि संकलन भए/गरिएको राहत खाद्य पदार्थ संकलन तथा वितरण केन्द्र लगायतमा गरिएको अवलोकन तथा अनुगमन निरिक्षणको विवरण सबैको जानकारीका जारी गरीएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसाय विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | देवीघाट, नुवाकोट स्थित चन्द्रज्योति माध्यमिक विद्यालयमा रहेको होल्डिंग सेन्टर तथा बिदुर नगरपालिकामा अवस्थित रहेको सेल्टर हाउस | • पिउँने प्रयोजन तथा खान पकाउनको लागि जार तथा बोतलका प्रशोधित पिउँने पानी उपलब्ध रहेको<br>• भाँडा माझ्ने प्रयोजनको लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL) ट्यांकरबाट पानी उपलब्ध रहेको पाइयो<br>• स्थानीय बासिन्दा तथा सहयोग दाताहरुबाट ताजा तरकारी लगायतका सामग्री उपलब्ध रहेको र सो को भण्डारण सन्तोषजनक रहेको पाइयो<br>• हात धुने साबुन, पानी, सेनेटरी सामाग्री लगायतका सरसफाइका सामानहरु उपलब्ध रहेको पाइयो<br>• खाधान्न सामग्री जस्तैः दाल, चामल, नुन, तेल, चिउरा, चाउचाउ, बिस्कुट लगायतको भण्डारण उपलब्ध श्रोत साधन प्रयोग गरी सामान्य रुपमा गरेको पाइयो। | • खाद्य सामग्री वितरण तथा भण्डारणको कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, नुवाकोटको प्रत्यक्ष निगरानीमा हुने गरेको पाइयो। |

| | | | |
|---|---|---|---|
| २. | जिल्ला समन्वय समिति, नुवाकोटमा रहेको एकीकृत राहत सामग्री संकलन तथा वितरण केन्द्र | • खाधान्न सामग्री, सेल्टरको लागि आवश्यक सामग्री, लत्ता कपडा लगायतका अत्यावश्यक सामग्रीहरुको उचित रुपमा भण्डारण गरेको पाइयो<br>• वितरणका लागि तयारी अवस्थामा रहेका खाद्यान्नको अस्थाई भण्डारण सन्तोषजनक अवस्थामा रहेको पाइयो<br>• भण्डारण गरिएका प्रशोधित खाद्य पदार्थहरुको उपभोग्य मिति समाप्त भएको देखिएन। | • खाद्य सामग्री वितरण तथा भण्डारणको अवस्थामा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, नुवाकोटको प्रत्यक्ष निगरानीमा हुने गरेको पाइयो। |
| **अनुगमन गरिएको होल्डिङ्ग सेन्टरको कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०५/१८

## <u>अनुगमनका केहि झलकहरु</u>










